नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाडौं

(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

☎ ४२००३१४
४२००२९९

पत्र संख्या :- ०७२/०७३

चलानी नं:- 2446

मिति २०७३।२।३

विषय : गणतन्त्र दिवश सम्वन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय, (७५) सबै
श्री महानगरपालिका /उपमहानगरपालिका/नगरपालिका (२१७) सवै

उपरोक्त सम्वन्धमा गृहमन्त्रालयको च.नं.८५०, मिति २०७३।१।२१ को पत्रको छायाँकपी आवश्यक कारवाहीको लागि यसैसाथ संलग्न राखि पठाईएको ब्यहोरा अनुरोध छ ।

2073/02/03

शाखा अधिकृत

बोधार्थ :-

श्री सूचना तथा विधुतिय शासन शाखा : Website मा राखिदिनु हुन ।

नेपाल सरकार

# गृह मन्त्रालय

गणतन्त्र दिवस
मूल समारोह समिति, २०७३

पत्र संख्या:- गणतन्त्र/०७२/७३

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ८५०

सिंहदरवार, काठमाडौं, नेपाल ।

मिति : २०७३/०१/२१

विषयः गणतन्त्र दिवसको कार्यक्रम सम्बन्धमा ।

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार ।

उपरोक्त सम्वन्धमा मिति २०७३ बैशाख १६ गते सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा बसेको बैठकबाट यहि २०७३ साल जेष्ठ १४,१५ र १६ गते तीन दिनसम्म गणतन्त्र दिवस भव्यताकासाथ मनाउन सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गणतन्त्र दिवस मूल समारोह समिति गठन भएको । उक्त मूल समारोह समिति अन्तर्गत विभिन्न उप समितिहरु गठन भई विविध कामहरुको बाँडफाँड गर्नुका साथै विभिन्न निकायहरुबाट सम्पादन हुनुपर्ने कामको विवरण संलग्न छ । सो अनुसार आ-आफ्नो जिम्माको कार्य यथासमयमा सम्पन्न गरिदिने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ ।

हिराकाजी श्रेष्ठ
०७३/१/२१
(हिराकाजी श्रेष्ठ)
शाखा अधिकृत

प्रशासन महाशाखा
आवश्यक कारबाहीको लागि
५
१/२४

श्री व. प्र. शाखा
① सम्पूर्ण पत्र मन्त्रालयको web site मा राखि सबै जि.वि.स./ म.न.पा./ उ.म.न.पा./ न.पा. हरूलाई सोही बमोजिम गर्न लेखि पठाऔं ।
② मन्त्रालयका सबै कर्मचारीहरूलाई उक्त दिन ड्रेसमा उपस्थित (अनिवार्य) हुन जानकारी गराऔं ।

श्री व. प्र. शाखा
०७३/१/२६

## गणतन्त्र दिवस, २०७३ मनाउने सन्दर्भमा गृह मन्त्रालय एवं विभिन्न निकायहरुबाट सम्पादन गर्नुपर्ने कामको विवरण :

१. गृह मन्त्रालयबाट हुनुपर्ने :-

(क) विभिन्न निकायबाट सम्पादित कार्यहरुको रेखदेख तथा समन्वय गरी मन्त्रिपरिषद्मा प्रतिवेदन पेश गर्ने ।

(ख) चालक र इन्धन सहित दुईवटा गाडी १ घण्टा अगाडि नै समारोह स्थल नेपाली सैनिक मञ्चमा तयारी हालत (स्टैण्डवाई) मा राख्ने ।

(ग) नेपाली सैनिक मञ्चको कार्यक्रमको लागि माग भएमा साविक वमोजिमको फर्निचर आदि मञ्च सजावट एवं मञ्च व्यवस्था उपसमितिका संयोजक काठमाडौं महानगरपालिकाका प्रमुखले खटाएको मानिसलाई कार्य समाप्त भएपछि फिर्ता गर्ने गरी जिम्मा दिने । *(बैठक समारोह प्रबन्ध शाखाबाट)*

(घ) जेठ १४,१५ र १६ गते मनाइने गणतन्त्र दिवसको कार्यक्रमको वारेमा सवै निकायमा परिपत्र गर्ने ।

२. सूचना तथा सञ्चार मन्त्रालयबाट हुनुपर्ने :-

(क) प्रचार प्रसार उप समितिको संयोजन गर्ने र सो उप समितिलाई तोकिए बमोजिमको काम जिम्मेवारी पूर्वक गर्ने व्यवस्था मिलाउने ।

(ख) गणतन्त्र दिवस भव्यताका साथ मनाउन सञ्चार माध्यमहरुबाट सार्वजनिक अपिल गर्ने व्यवस्था मिलाउने ।

(ग) गोरखापत्र संस्थान लगायत अन्य प्रकासनगृहहरुबाट प्रकाशित राष्ट्रिय स्तरका पत्र पत्रिकाहरुमा गणतन्त्र विशेषाङ्क/स्मारिकाको रुपमा प्रकाशन गर्नका साथै गणतन्त्रको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख रचनाहरुको संगालो प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

३. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट हुनुपर्ने :-

(क) उपत्यका बाहिरका जिल्लाका सदरमुकामहरूमा जिल्ला विकास समितिका प्रमुखको अध्यक्षतामा गणतन्त्र दिवस जिल्ला समारोह समिति गठन गर्ने ।

(ख) गणतन्त्र दिवस जिल्ला समारोह समितिले प्रभातफेरी, खेलकुद, प्रवचन गोष्ठी, परिसम्वाद/सम्वार्ता, सांस्कृतिक कार्यक्रमजस्ता विविध कार्यक्रमका साथ जेठ १४, १५ र १६ गते भव्य रूपमा मनाउने र साँझ दीपावली गर्ने ।

(ग) जिल्ला भित्रका विभिन्न उप-महानगरपालिका, नगरपालिका तथा गाउँ विकास समितिहरूमा सम्बन्धित स्थानीय निकायको अग्रसरतामा स्थानीय सामाजिक एवं राजनीतिक संघ संस्था, सञ्चार माध्यमहरूका साथै समाजका सबै वर्ग, व्यवसाय र क्षेत्रका महानुभावहरू र जनस्तरसम्म पुग्ने गरी नयाँ पिँढीका युवाहरुसमेतको सहभागितामा प्रभातफेरी, प्रवचन, साहित्य गोष्ठी, परिसम्वाद/सम्वार्ता, खेलकुदजस्ता विविध कार्यक्रमहरु र विद्यालय स्तरमा वतृत्वकला प्रतियोगिता सञ्चालन गरी विद्यालय, महाविद्यालय, विश्व विद्यालय तहसम्म जेठ १४, १५ र १६ गते गणतन्त्र दिवस भव्य रूपमा मनाउने र साँझ दीपावली गर्ने व्यवस्था मिलाउने ।

४. परराष्ट्र मन्त्रालयबाट हुनुपर्ने :-

(क) विदेशस्थित नेपाली दूतावास, नियोग तथा वाणिज्यदूतावासहरूमा गणतन्त्र दिवसलाई विविध कार्यक्रमसहित जेठ १४, १५ र १६ गते तीन दिनसम्म भव्य रूपमा मनाउने र साँझ दीपावली गर्ने व्यवस्था मिलाउने ।

(ख) नेपालस्थित विदेशी नियोगका प्रमुख तथा पदाधिकारीहरुलाई निमन्त्रणा पत्र वितरण गर्नका साथै मूल समारोहको कार्यक्रमका दिन जेठ १५ गते नेपाली सैनिक मञ्च टुँडिखेलमा विदेशी नियोगका प्रमुख तथा पदाधिकारीहरुलाई स्वागत तथा व्यवस्थापनको लागि २ जना कर्मचारी खटाउने ।

५. नेपाली सेनाबाट हुनुपर्ने :-

(क) नेपाली सैनिक मञ्चमा मञ्च तयारी गर्ने ।

(ख) नेपाली सैनिक मञ्चको कार्यक्रम शुरु भएपछि "गणतन्त्र दिवस-२०७३" अंकित व्यानरले सुसज्जित नेपाली सेनाको हेलिकोप्टरबाट पुष्पवृष्टि गर्ने, बेलुन उडाउने आदिको व्यवस्था गर्ने ।

(ग) सूर्योदयकासाथ नेपाली सेनाद्वारा बिगुल (रिभ्याली) बजाउने ।

(घ) नेपाली सेनाद्वारा तोप र बन्दुकको बढाई (स्याल्भो र भली फायर) गर्ने ।

(ङ) मञ्चको कार्यक्रममा व्यायाम, कवाज र अन्य रोचक कार्यक्रम प्रस्तुत गर्ने ।

(च) सलामी ।

(छ) नेपाली सैनिक मञ्चको कार्यक्रमको लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

६. नेपाल प्रहरीबाट हुनुपर्ने :-

(क) नेपाली सैनिक मञ्चमा मञ्च तयार गर्न आवश्यक सहयोग गर्ने ।

(ख) नेपाली सैनिक मञ्चमा हुने कार्यक्रममा शान्ति सुरक्षाको व्यवस्था गर्ने ।

(ग) कार्यक्रम संचालन गर्न मैदानको व्यवस्थापन गर्ने ।

(घ) मञ्चको कार्यक्रममा व्यायाम, कवाज र अन्य रोचक कार्यक्रम प्रस्तुत गर्ने ।

(ङ) अन्य आवश्यक परि आउने कार्य गर्ने ।

७. सशस्त्र प्रहरी बलबाट हुनुपर्ने :-

(क) नेपाली सैनिक मञ्चमा मञ्च तयार गर्न आवश्यक परि आउने कार्य गर्ने ।

(ख) नेपाली सैनिक मञ्चमा हुने कार्यक्रममा शान्ति सुरक्षाको व्यवस्था गर्ने ।

(ग) मञ्चको कार्यक्रममा व्यायाम, कवाज र अन्य रोचक कार्यक्रम प्रस्तुत गर्ने ।

(घ) अन्य आवश्यक कार्य गर्ने ।

८. मुद्रण विभागबाट हुनुपर्ने :-

(क) निमन्त्रणा कार्ड तथा सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधन भाषण छपाई गरी समयमै गृह मन्त्रालयमा बुझाउने ।

९. मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय/जिल्ला शिक्षा कार्यालय काठमाडौं, ललितपुर र भक्तपुरबाट हुनुपर्ने :-

उपत्यकाभित्रका सामुदायिक तथा निजी विद्यालयका कक्षा ११ देखि माथिका विद्यार्थी एवं शिक्षक शिक्षिकाहरुलाई नेपाली सैनिक मञ्चमा उल्लेख्य रुपमा उपस्थित गराउने व्यवस्था गर्ने ।

१०. भवन निर्माण सम्भार डिभिजन कार्यालयबाट हुनुपर्ने :-

(क) समारोह स्थलमा रंगरोगन गर्ने, नेपाली सैनिक मञ्चमा ऊर्जा मन्त्रालयसंग समन्वय राखी जनशक्ति सहितको विद्युत जेनेरेटर समेतको व्यवस्था गरी विद्युत आपूर्तिको व्यवस्था मिलाउने । मंचमा अति विशिष्ट महानुभावहरुका लागि आवश्यक भएमा विजुली पंखाको व्यवस्था समेत गर्ने ।

(ख) २०७३ साल जेठ १४,१५ र १६ गते साँझ सिंहदरवारस्थित सम्पूर्ण सरकारी कार्यालयहरूमा दीपावली गर्ने व्यवस्था मिलाउने ।

(ग) समारोहस्थल अगाडि मार्चपास र झाँकीहरूलाई पंक्तिवद्ध गराउन सजिलो हुने गरी रोड मार्किङ्ग र पेन्टिङ्गको व्यवस्था गर्ने ।

११. काठमाडौं महानगरपालिकाबाट हुनुपर्ने :-

(क) मञ्च सजावट तथा मञ्च व्यवस्था उप-समितिको संयोजन गर्ने र सो उप समितिलाई तोकिए बमोजिमको काम जिम्मेवारी पूर्वक गर्ने व्यवस्था मिलाउने ।

(ख) समारोह स्थल वरिपरि र सो ठाउँ जाने बाटाहरूमा राष्ट्रिय झण्डा एवं व्यानर सजाई नगरको श्रृङ्गार र सरसफाईका साथै मूल समारोह समितिबाट तयार गरिएका पोष्टरहरू नेपाली सैनिक मञ्च लगायत नगरका विभिन्न स्थानमा टाँस्ने व्यवस्था गर्ने ।

(ग) समारोह सम्बन्धी व्याच तयार गर्ने ।

(घ) नेपाली सैनिक मञ्चमा मञ्च तयार गर्न आवश्यक कार्य गर्ने ।

(ङ) नेपाली सैनिक मञ्चमा व्याच वितरण गर्ने व्यवस्था मिलाउने ।

(च) नेपाली सैनिक मञ्चमा माइकहरूको व्यवस्था गर्ने ।

(छ) नेपाली सैनिक मञ्चमा चाहिने गमला उपलव्ध गराउने ।

(ज) नेपाली सेनाले उपलव्ध गराउने भन्दा बाहेकका मेचहरु उपलव्ध गराउने ।

नेपाल सरकार
गृह मन्त्रालय



(झ) नेपाली सैनिक मञ्चमा हुने कार्यक्रमको लागि धुलो नउड्ने व्यवस्था मिलाउने । कार्यक्रमस्थलमा शुद्ध पिउने पानीको व्यवस्था गर्ने । मञ्च सजावट तथा मञ्च व्यवस्था उप-समिति एवं सम्वन्धित निकायसँग समन्वय गरी कार्य गर्ने ।

(ञ) चालु हालतको एक वटा दमकल कार्यक्रम संचालन अवधिभर नेपाली सैनिक मंचमा तयारी अवस्थामा राख्ने ।

(ट) जनचेतनामूलक एवं विकासका गतिविधि झल्कने झाँकी तथा विभिन्न जातजातिको भेष-भूषा र संस्कृति झल्कने सांस्कृतिक झलक प्रदर्शन गर्ने र सो सम्वन्धमा उपत्यका भित्रका जि.वि.स.,उ.म.न.पा. र न.पा. हरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

(ठ) सम्माननीय राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश र सभामुखबाट शान्तिका प्रतीक परेवाहरू उडाउने कार्यक्रमको लागि पाँच जोडी परेवाको व्यवस्था गर्ने ।

(ड) आ-आफ्नो क्षेत्रका नगर वासीहरुलाई गणतन्त्र दिवसमा सहभागी हुन माइकिंग गरी अनुरोध गर्ने ।

१२. जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट हुनुपर्ने :-

(क) ग्राउण्ड, कवाज, व्यायाम तथा झाँकी व्यवस्थापन समन्वय उप-समितिको संयोजन गर्ने र सो उप समितिलाई तोकिए बमोजिमको काम जिम्मेवारी पूर्वक गर्ने व्यवस्था मिलाउने ।

(ख) शान्ति सुरक्षाको व्यवस्था गर्ने ।

(ग) नेपाली सैनिक मञ्च र मैदान तयारी गर्ने गराउने ।

(घ) अन्य आवश्यक कार्यहरु गर्ने ।

१३. जि.वि.स. काठमाडौं, ललितपुर र भक्तपुरबाट हुनुपर्ने :-

(क) काठमाडौं उपत्यकाको परम्परागत साँस्कृतिक झलक प्रदर्शन गर्ने ।

(ख) जनचेतामूलक एवं विकासका गतिविधि झल्कने झाँकी प्रदर्शन गर्ने ।

(ग) गणतन्त्र दिवससँग सम्वन्धित नारा अंकित व्यानर र प्लेकार्ड आवश्यक संख्यामा तयार गरी ल्याउने ।

१४. ललितपुर उपमहानगरपालिका, भक्तपुर, मध्यपुर थिमी र कीर्तिपुर नगरपालिकाबाट हुनुपर्ने :

(क) गणतन्त्र दिवसको प्रचार गर्न व्यानर वनाई नगरका विभिन्न स्थानमा प्रदर्शन गर्ने ।

(ख) उपत्यकाको परम्परागत साँस्कृतिक झलक प्रदर्शन गर्ने ।

(ग) जनचेतनामूलक एवं विकासका गतिविधि झल्कने झाँकी प्रदर्शन गर्ने ।

(घ) आ-आफ्नो क्षेत्रका नगरवासीहरुलाई गणतन्त्र दिवसमा सहभागी हुन माइकिंग गरी अनुरोध गर्ने ।

१५. नेपाल रेडक्रस सोसाइटी र वीर अस्पतालबाट हुनुपर्ने :-

- २०७३ साल जेठ १५ गते नेपाली सैनिक मञ्चमा हुने कार्यक्रम शुरु हुनु १ घण्टा अगावै चिकित्सक सहितको २ वटा एम्वुलेन्स तयारी हालत (स्टैण्डवाई) मा राख्ने ।

१६. महानगरीय ट्राफिक महाशाखाबाट हुनुपर्ने :-

नेपाली सैनिक मञ्चमा हुने कार्यक्रममा मर्यादाक्रमानुसार ट्राफिक एवं गाडी पार्किङ्गको व्यवस्था गर्ने ।

१७. नेपाल टेलिभिजन लगायत अन्य इच्छुक संचार माध्यमहरुबाट हुनुपर्ने :-

(क) प्रचार प्रसारको आवश्यक व्यवस्था गर्ने ।

(ख) नेपाली सैनिक मञ्चको कार्यक्रमको प्रत्यक्ष प्रसारण गर्ने व्यवस्था मिलाउने ।

(ग) गणतन्त्र दिवस सम्वन्धी सान्दर्भिक कार्यक्रमहरू प्रसारण गर्ने ।

(घ) सान्दर्भिक स्वदेशगान प्रसारण गर्ने ।

(ङ) समाचार वुलेटिन तथा समाचार मूलक कार्यक्रममा उपयुक्त सामाग्री तथा अन्तर्वार्ता प्रसारित गर्ने ।

(च) गणतन्त्र दिवस सम्वन्धी संवार्ता/परिसम्वाद कार्यक्रमको आयोजना गर्ने ।

१८. गोरखापत्र संस्थानबाट हुनुपर्ने :-

(क) गणतन्त्र दिवस, २०७३ जेठ १४,१५ र १६ गते नेपालभर भव्यताका साथ मनाउन विशेष सूचना प्रकाशन गर्ने ।

(ख) गणतन्त्रको बहुआयामिक महत्वमाथि प्रकाश पारिएका लेख रचनाहरूको विशेषाङ्क प्रकाशन गर्ने ।

१९. रेडियो नेपालबाट हुनुपर्ने :-

(क) प्रचार प्रसारको आवश्यक व्यवस्था र समन्वय गर्ने ।

(ख) नेपाली सैनिक मञ्चको कार्यक्रममा राष्ट्रिय गान प्रस्तुत गर्नुका साथै प्रत्यक्ष प्रसारणको व्यवस्था मिलाउने ।

(ग) नेपाली सैनिक मञ्चको कार्यक्रममा उद्घोषणको व्यवस्था गर्ने ।

(घ) गणतन्त्र दिवस सम्वन्धी संवार्ता/परिसम्वाद कार्यक्रमको आयोजना गर्ने ।

(ङ) फूलवारी, चेतनामूलक लोक दोहोरी गीत सम्मेलन तथा जागरण गीत तथा अन्तरक्रियात्मक परिसम्वाद कार्यक्रमको आयोजना गर्ने ।

(च) विविध कार्यक्रमहरू आयोजना गर्ने ।

२०. गुठी संस्थान र अन्य सम्वन्धित संस्थाबाट हुनुपर्ने :-

(क) काठमाडौं उपत्यकाभित्रका देवदेवीका मठ मन्दिर, चर्च, मस्जिद, बुद्ध विहार, गुरुद्वारा लगायतका विभिन्न धार्मिक संघ संस्थामा पूजापाठ तथा प्रार्थना गर्ने कार्यक्रमको व्यवस्थापन गर्ने ।

२१. राष्ट्रिय खेलकुद परिषद्बाट हुनुपर्ने :

(क) विविध खेल प्रदर्शन गर्ने ।

(ख) राष्ट्रिय खेलकुद परिषद्द्वारा प्रधानमन्त्री- ११ र मुख्य सचिव - ११ का बिच मैत्रीपूर्ण फूटवल प्रतियोगिताको आयोजना गर्ने ।

२२. नेपाल स्काउटबाट हुनुपर्ने :-

(क) कवाज प्रदर्शन गर्नुका अतिरिक्त नेपाली सैनिकमञ्चमा हुने कार्यक्रममा सहभागी हुन आउने महानुभावहरूलाई पंक्तिवद्ध गराउने ।

(ख) जुलुसलाई पंक्तिवद्ध गराई व्यवस्थित रुपमा परिक्रमा गराउने ।

२३. समरजंग कम्पनी कार्यालयबाट हुनुपर्ने :-

(क) राष्ट्रिय झण्डा टाँग्ने ।

(ख) नेपाली सैनिकमञ्चमा सम्माननीय प्रधानमन्त्रीज्यूको भाषण बाँड्ने ।

२४. काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट हुनुपर्ने :-

(क) नेपाली सैनिकमञ्चमा खानेपानीको व्यवस्था गर्ने ।

२५. विकाससँग सम्वन्धित मन्त्रालयहरूबाट हुनुपर्ने :-

आफ्नो मन्त्रालय र अन्तर्गतका विभाग, संस्थान र समितिबाट जनचेतनामूलक एवं विकास गतिविधि झल्कने झाँकी तयार गरी प्रदर्शन गर्ने व्यवस्था मिलाउने ।

२६. निजामती कर्मचारी ट्रेड युनियनहरु, राष्ट्रिय सहकारी संघ,प्याब्सन, एन.प्याब्सन, शिक्षक युनियन, नेपाल उद्योग वाणिज्य महासंघ, राष्ट्रिय अपांग महासंघ र अन्य पेशागत महासंघबाट हुनुपर्ने :-

आ-आफ्नो निकायबाट सक्रिय सहभागिताका लागि व्यवस्था मिलाउने

२७. विद्युतीय सञ्चार माध्यम एवं छापागृहबाट हुनुपर्ने :-

गणतन्त्र दिवस भव्यताकासाथ मनाउने सन्दर्भमा व्यापक प्रचार प्रसार एवं सक्रिय सहभागिताका लागि व्यवस्था मिलाउने

२८. विविध :-

नेपाल सरकारका सबै मन्त्रालय, संवैधानिक निकाय, विभाग र सार्वजनिक संस्थानहरू लगायतका सम्पूर्ण सार्वजनिक निकायहरूले २०७३ जेठ १५ गते नेपाली सैनिक मञ्च टुँडिखेलमा आ-आफ्ना निकायका राष्ट्रसेवक कर्मचारीहरूलाई अनिवार्य रूपमा उपस्थित गराई जुलुसमा सहभागी गराउने ।